# आँधिखोला लघुवित्त वित्तीय संस्था लि.
# Adhikhola Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था, १०(दश) जिल्ला कार्यक्षेत्र भएको

**केन्द्रीय कार्यालय : भीरकोट न.पा.-१, स्याङ्जा, फोन नं ०६३-४००१०३, फ्याक्स: ०६३-४००१३३**

## चौथो वार्षिक साधारण सभा बारे सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७८/०३/११)**

श्री शेयरधनी महानुभावहरु,

मिति २०७८/०३/१० गते बसेको यस संस्थाको सञ्चालक समितिको १२८औं बैठकको निर्णय अनुसार संस्थाको **चौथो वार्षिक साधारण सभा** निम्न मिति, समय, र स्थानमा देहायका बिषयमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी तथा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति:-** २०७८/०३/३१ गते बिहिवार, (तदनुसार १५ जुलाई २०२१)

**समय:-** विहान ११:३० बजे

**स्थान:-** होटल गाँउबेशीको सभाहल, वालिङ-८, वालिङ, स्याङ्जा ।

**छलफलका बिषयहरु :**

**(क) साधारण प्रस्तावहरु**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७६/२०७७ को वार्षिक प्रतिवेदन पेश गर्ने र सो उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्त सम्मको वासलात, तथा सोहि मितिमा समाप्त आ.व. ०७६/०७७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७७/२०७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) बिशेष प्रस्ताव :**

१) प्रबन्धपत्र तथा नियमावलीमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ उल्लेख भएकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ गरी संशोधन गर्ने ।

२) नियमावलीको नियम ३२ को ख र ग मा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्तावमा छलफल गरी पारित गर्ने ।

३) प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावीत संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधानको निर्देशन भएमा सोहि बमोजिम थपघट, परिमार्जन वा संशोधन गर्नका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

४) वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु गाभ्ने गाभिने तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पती तथा दायित्वहरुको मुल्यांकन गर्न परामर्शदाता, मुल्यांकनकर्ता वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलीत कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य गर्न प्रबन्ध पत्र तथा नियमावलिको आवश्यक संशोधन गर्न परेमा समेत गर्ने लगायतको प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न/गराउन सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धमा थप अन्य जानकारी:

१. धौलागिरी लघुवित्त वित्तीय संस्था लि. सँगको मर्जर प्रयोजनका लागि मिति २०७६/०९/०३ गते देखि यस वित्तीय संस्थाको शेयर कारोवार रोक्का रहेकोले मिति २०७८/०३/१५ देखि मिति २०७८/०३/३१ गते सम्म चौथो वार्षिक साधारण सभाको लागि शेयर दाखिला खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई नियमानुसारको अवधि भित्र यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एन आई बि एल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले सो साधारण सभामा भागलिन पाउने छन् ।

२. वार्षिक साधारण सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने कागजात वा हितग्राही खाता नम्बर लिई आउनु पर्नेछ । सभा शुरु हुनु भन्दा एक घण्टा अगावै सभा कक्षमा उपस्थित भै दिनुहुन समेत शेयरधनी महानुभावहरुलाई अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका सभा हुने दिन बिहानको १०:३० बजे देखि सभा सञ्चालन अवधिभर रहनेछ । विशेष कारणवश कोभिड -१९को कारण भौतिकरुपमा उपस्थित हुन नसकेमा विधुतिय माध्यम (Video Conference) बाट समेत साधारणसभा सम्पन्न गरिनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

५. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा (प्रोक्सी) फारम दर्ता गरि सक्नु पर्ने छ । सभामा भागलिन र मतदान गर्नको लागि प्रतिनिधि नियुक्ति गरि सकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधी भित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ । प्रोक्सी फाराम यस संस्थाको Website बाट Download गर्न सकिनेछ ।

६. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतःबदर हुनेछ ।

७. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्ति गरिएको एक व्यक्तिले मात्र भाग लिन पाउनेछ ।

८. शेयरधनी महानुभावहरुले आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन पुस्तिका यस लघुवित्त कार्यालयको केन्द्रीय कार्यालय, भीरकोट-१ बाट प्राप्त गर्न सक्नु हुनेछ र उक्त प्रतिवेदन संस्थाको वेवसाइटमा हेर्न तथा डाउनलोड गर्न सक्नु हुनेछ ।

९. अन्य जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय भीरकोट-१ बयरघारी, स्याङ्जा ०६३-४००१०३ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।